नव वर्ष

# २०८१

को हार्दिक मंगलमय शुभकामना



अध्यक्ष, तिलोत्तम पौडेल
सम्पर्क नं. ९८५१३४८८५८
सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको कार्यालय,
सानेपा, ललितपुर

Save the Children

Social Protection Civil Society Network

# बालपोषण भत्ताको विस्तार र रकम वृद्धिका लागि सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको अनुरोध



नेपाल सरकारले आ.व. २०६६/६७ बाट साविक कर्णालीका ५ जिल्लाका सबै र देशभरका दलित परिवारका ५ वर्षभन्दा मुनिका बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउनको लागि प्रति बालबालिका मासिक रु. २०० ।- बालपोषण भत्ता वितरण गर्न सुरु गरेको थियो । नेपाल सरकारले साविक कर्णालीका साथै अन्य थप मानव विकास सुचाङ्कमा पछाडि रहेका जिल्लाहरूलाई क्रमशः समेट्ने गरी पहिलो पटक थप ३ वटा, दोस्रो पटक, ११ र तेस्रो पटक ११ गरी जम्मा २५ वटा जिल्लाहरूमा आ.व.२०७५/७६ बाट सबै ५ वर्ष मुनीका एक आमाबाट जन्मेका २ जना बालबालिकालाई बालपोषण भत्ता बापत मासिक रु. ५३२ ।- का दरले रकम प्रदान गर्दै आएको छ । हालसम्म दलित र अन्य बालबालिका गरी करिब ११ लाख बालबालिकाले बालपोषण भत्ता पाईरहेका छन् ।

बालपोषण भत्ताले बालबालिकाको पोषण सुधारमा सकारात्मक प्रभाव पारिरहेको देखिन्छ । यसले बालबालिकामा राज्यले उल्लेख्य लगानी गर्नुपर्छ भन्ने कुराको पुष्टि गर्दछ । तर पनि अझै बालबालिकामा लगानीको विषयलाई लिएर त्यति धेरै चासो र विचार विमर्श तथा अध्ययन भएको देखिदैन । हाल बालपोषण भत्ता बापत प्रदान गरिदै आएको मासिक रु. ५३२।- वर्तमान अवस्थामा देशको महंगीलाई मध्यनजर गर्ने हो भने अपर्याप्त छ । त्यसैले यसको पुनरावलोकन तथा सबै जिल्लाहरुमा बालपोषण भत्ता सबै ५ वर्षमुनीका बालबालिकालाई प्रदान गर्नु पनि अपरिहार्य देखिन्छ । जसले बालबालिकामा कुपोषणको प्रभावलाई कम गर्न सक्छ र त्यसका साथसाथै अभिभावक सचेतना कार्यक्रमलाई पनि सँगसगै लगि बालबालिकालाई उचित स्याहारसुसार गर्ने र अभिभावक तथा बालबालिकाबीचको सम्बन्धलाई बलियो बनाउन एउटा सकारात्मक वातावरणको सिर्जना गर्नु आवश्यक देखिन्छ ।

## बालबालिकाको लागि कानूनी तथा नीतिगत व्यवस्थाहरू



- नेपालको संविधान २०७२ को धारा ४३ मा सामाजिक सुरक्षालाई नागरिकको अधिकारको रुपमा स्थापित गरेको छ ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १३ मा बालबालिकाको पोषण तथा स्वास्थ्यको अधिकार प्रदान गर्ने भन्ने उल्लेख गरिएको छ ।
- नेपाल पक्ष राष्ट्र रहेको बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ मा बालबालिकाको सर्वोत्तम हितको बारेमा उल्लेख गरिएको छ ।
- नेपालको सोह्रौं योजना (२०८१-८६) को अवधारणा पत्रमा मानव पुँजी निर्माणको दीर्घकालीन योजनाको बारेमा उल्लेख गरिएको छ ।

## बालबालिकामा लगानी किन महत्त्वपूर्ण छ ?

- विभिन्न अध्यायन अनुसार बालबालिकाको करिब ९० प्रतिशत दिमागको विकास ५ वर्षको उमेरमा भइसक्छ जसले उनीहरुको भविष्यको स्वास्थ्य र विकासमा महत्वपूर्ण योगदान दिन्छ ।
- प्रारम्भिक बाल्यकालीन लगानीले महत्त्वपूर्ण दीर्घकालीन फाईदाहरु दिन्छ, जस्तै- स्वस्थ र गुणस्तरीय जनशक्ति उत्पादन, सीपयुक्त जनशक्तिले आम्दानीमा वृद्धि गर्छ जुन व्यक्तिका लागि मात्र नभई सिंगो राज्य तथा विश्वका लागि पनि महत्वपूर्ण छ ।
- बाल्यकालीन लगानी भविष्यका लागि लागत प्रभावी (cost effective) हुन्छ । यो अवस्थामा गरिएको खर्च अहिलेलाई खर्च देखिए पनि त्यो वास्तवमा लगानी हो जसले प्रतिफल दिन्छ, जस्तो- भविष्यमा शिक्षा, स्वास्थ्य तथा न्यायिक निरुपणमा कम खर्च हुने भएकोले राज्यले ठूलो धनराशी बचत गरी अन्य विकास कार्यमा लगाउन सक्छ ।

## बालपोषण भत्ताको रकम वृद्धि र बाँकि ५१ जिल्लाहरुमा विस्तार किन गर्ने ?

**नेपालको संविधान, बाल अधिकार सम्बन्धी ऐन, अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू मुताविक सन् २०२५ सम्ममा शून्य बालकुपोषणको राष्ट्रिय लक्ष्य हासिल गर्नका साथै बालबालिकामा लगानी अभिवृद्धि गरी अन्तरपुस्ता गरिबी हस्तान्तरणको क्रमलाई रोकी दिर्घकालीन रुपमा जनसाङ्ख्यिक पुँजी निर्माणमा सहयोग पुर्‍याउन ७७ वटै जिल्लाका पाँच वर्ष मुनिका सबै बालबालिकालाई बालपोषण भत्ता सुनिश्चित गर्दै हाल उपलब्ध रकममा वृद्धि गर्न आवश्यक देखिन्छ।**

